बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

लगनखेल, ललितपुर
(कार्यक्षत्रः काठमाण्डौ, ललितपुर र भक्तपुर)

पत्र संख्या ०८१।०८२
चलानी नंम्वर ११८

मितिः २०८१/०७/५

**श्री स्थानिय तह सवै,**
**जिल्ला काठमाण्डौ, भक्तपुर र ललितपुर ।**
**महानगर कार्यपालिकाको कार्यलय/नगर कार्यपालिकाको कार्यालय /गाँउ कार्यपालिकाको कार्यलय ।**

## विषयः *सूचना टाँस सम्बन्धमा* ।

प्रस्तुत विषयमा बागमती प्रदेश सरकार, प्रदेश दुग्ध विकास बोर्डको मिति २०८१/०७/०२ को च.नं. ५१ को पत्र र वोर्डको आवेदन आव्हानको सूचना नं.-०२ र ०३ को प्रतिलिपि यसै पत्र साथ संलग्न राखि त्यहाँ कार्यलयमा पठाईएको छ । उक्त सूचना लाई त्यहाँ कार्यालयको सूचना वोर्डमा टाँस गरी दिनु हनु र आवेदन दिन चाहने कृषकहरुलाई आवेदन दर्ताको लागि पशु सेवा कार्यालय ललितपुरमा सम्पर्क गर्ने जानकारी गराई सहयोग गरि दिनु हुन अनुरोध छ ।

बोदार्थः- प्रदेश दुग्ध विकास बोर्ड, बागमती प्रदेश, हेटौडा ।

.......................
कार्यालय प्रमुख

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रदेश दुग्ध विकास बोर्ड

हेटौंडा, नेपाल ।

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८१/०७/०२**

सूचना नं.-०३

प्रदेश दुग्ध विकास बोर्ड, बागमति प्रदेश, हेटौंडाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनको लागि सहभागी हुन ईच्छुक आवेदक संस्थाबाट प्रस्ताव माग गर्न यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समय आइपुग्ने गरी तपसिलमा उल्लेखित कागजात सहित यस बोर्ड वा जिल्लास्थित पशु सेवा कार्यालयमा प्रस्ताव दर्ता गर्नु हुन सुचित गरिन्छ । रित नपुगी दर्ता भएका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन।

तपसिल

| क्र. स. | कार्यक्रमको नाम | आवेदक | कार्यविधि |
|---|---|---|---|
| १ | उत्पादनमा प्रविधि एवम् यन्त्र सहयोग कार्यक्रम | कृषक समूह, दूधको कारोवार गर्ने सहकारी संस्था, निजी कृषि फर्म, कृषि उद्यमी | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ |
| २ | ग्रामिण क्षेत्रका कृषक समुह/सहकारीहरुका लागि Milk Collection Bank स्थापना | कृषक समुह वा सहकारी संस्था | दूध संकलन बैंक स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९(प्रथम संशोधन) |

**पेश गर्नुपर्ने कागजातहरु:**

१. रु. १० को टिकट टाँस गरिएको अनुसुचि -२ बमोजिमको आवेदन पत्र .
२. सहकारी संस्था/कृषक समुह दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. आवेदकको PAN वा VAT प्रमाण पत्रको पत्रलिपि,
४. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
५. Milk Collection Bank को हकमा अनुसुचि-३ बमोजिम कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजना,
६. Milk Collection Bank को हकमा अनुसुचि-४ बमोजिमको दोहोरो सुविधा नलिएको सम्वन्धी स्वघोषणा,
७. कार्यक्रममा सहभागि हुने संस्थाको निर्णयको प्रतिलिपी,
८. Milk Collection Bank को कार्यक्रम कार्यान्वयन हुने स्थानको विवरण सहित कम्तिमा दुई थान फोटो,
९. सहकारी संस्थाको हकमा लेखा परिक्षणको प्रतिलिपी
१०. कृषि यान्त्रिकरणको हकमा अनुसुचि-३ बमोजिमको प्रतिवद्धता पत्र,
११. कृषि यान्त्रिकरणको हकमा मेशिनरी औजार संन्चालन तथा मर्मत सम्वन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि,
१२. कृषि यान्त्रिकरणको हकमा संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने क अद्यावधिक भएको पत्र
१३. कृषि यान्त्रिकरणको हकमा आवेदन प्रकृयाको लागि जिम्मेवारी दिइ खटाउने पदाधिकारीलाई अख्तियारी पत्र र नागरिकता प्रमाण प प्रतिलिपि
१४. कृषि यान्त्रिकरणको हकमा आवेदकले अनुसुचि-४ बमोजिम न्यूनतम मापदण्ड पूरा गरेको प्रमाण खुल्ने कागजात

नोटः- थप जानकारीको लागी बोर्डको फोन नं. ०५७-५९०५९१, ०५७-५९०४९१ मा सम्पर्क राख्नु हुन र वेभसाईट pddb.bagamati.go बाट सम्वन्धित कार्यविधि डाउनलोड गरी विस्तृत जानकारी लिन सकिने छ।

...काश प्रधान

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रदेश दुग्ध विकास बोर्ड

हेटौंडा, नेपाल ।

## साइलेज आपुर्तिकर्ता सूचिकरण सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८१/०७/०२**

सूचना नं.-०२

**प्रदेश दुग्ध विकास बोर्ड, बागमति प्रदेश,** हेटौंडाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "साइलेज **प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम**" अन्तर्गत छनौट भएका साझेदार संस्थाहरुलाई साइलेज विक्रि गर्न इच्छुक तथा साइलेज विक्रि वितरण गर्न नियम अनुसार **दर्ता भएका सस्थांहरुले तपसिल बमोजिमको** कागजात सहित यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रदेश **दुग्ध विकास बोर्ड,** हेटौंडामा सूचिकरण गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

<u>पेश गर्नुपर्ने कागजातहरूको विवरण:</u>

- रू १०।- **को हुलाक टिकट टाँस गरी अनुसुचि-३ बमोजिमको निवेदन,**
- संस्था दर्ता तथा **नविकरणको प्रमाणको प्रतिलिपि,**
- प्यान **दर्ताको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र,**
- नेपाल सरकारको मान्यता प्राप्त प्रयोगशालाबाट अनुसुची- ४ मा उल्लेखित साइलेजको मापदण्ड तथा गुणस्तरको प्रमाणपत्र (पछिल्लो तिन महिना भित्रको ),
- **साइलेजको ब्राण्ड नाम, प्रति इकाई मूल्य,** कम्पनी शाखा/ बिक्रि कार्यालयहरु, आ.ब.२०८१/०८२ मा उपलब्ध **गराउन सक्ने साइलेजको परिमाण** उल्लेख गरिएको विवरण ।

**नोटः-** थप जानकारीको लागी **प्रदेश दुग्ध विकास बोर्ड,** हेटौंडाको फोन नं. ०५७-५९०५९१, ०५७-५९०४९१ मा सम्पर्क राख्नु हुन र वेभसाईट pddb.bagamati.gov.np बाट साइलेज प्रोत्साहन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यान्वयन कार्यविधि, २०७९ डाउनलोड गरी विस्तृत जानकारी लिन सकिने छ।

डा. राम प्रकाश प्रधान
निर्देशक